फोटो : विमलचन्द्र शर्मा





# व्यवस्थापिका

## परिच्छेद २

**विषय प्रवेश**

सरकारका तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले कानुनी शासन कायम गर्न, मानव अधिकार संस्कृति निर्माण गर्न, सोको रक्षा र संवर्द्धन गर्न आफ्नो संस्थाबाट के/कस्ता काम गरे भनी समीक्षा गर्ने हेतुले तयार पारिएको यस आलेखमा व्यवस्थापिकाको उपलब्धि र कमजोरीबारे समीक्षा छ। सरकारका तीन अङ्गमध्ये व्यवस्थापिका त्यस्तो संस्था हो जहाँ कानुन निर्माणमा नागरिकको प्रत्यक्ष नभए पनि अप्रत्यक्ष सहभागिता हुन्छ । फ्रान्सेली दार्शनिक मन्टेस्क्युको शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित आधुनिक राज्य व्यवस्थामा सरकारका तीन अङ्कमध्येको व्यवस्थापिका जनताद्वारा निर्वाचित जनप्रतिनिधिमूलक संस्था हो। यसले जनताका लागि कानुन बनाउने, कार्यपालिकामाथि नियन्त्रण गर्ने, परराष्ट्र नीति निर्धारण गर्ने र न्यायपालिकालाई जिम्मेवार तुल्याउने कार्य गर्छ।

विश्वमा हाल खासगरी चार प्रकारका शासन पद्धति प्रयोगमा छन्– बेलायती शैलीको संसदीय व्यवस्था, अमेरिकी शैलीको राष्ट्रपतीय व्यवस्था, फ्रान्सेली शैलीको मिश्रित व्यवस्था र चिनियाँ शैलीको समाजवादी व्यवस्था। यिनमा व्यवस्थापिकाको संरचना आआफ्नै किसिमको हुन्छ ।[१] तापनि प्रायः व्यवस्थापिकाले गर्ने साझा कार्य भनेको जनताका लागि कानुन बनाउने, कार्यपालिकामाथि नियन्त्रण गर्ने, परराष्ट्र नीति निर्धारण गर्ने, न्यायपालिकालाई जिम्मेवार तुल्याउनेलगायत नै हुन्। तर समाजवादी वा साम्यवादी मुलुकमा सरकारका तीन अङ्गबीच शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्त लागु भएको हुँदैन।

कार्यसम्पादनको मुख्य आधार भनेको विधायन निर्माण, सरकारका नीति तथा कार्यक्रमको समीक्षा, सरकारी प्रशासनको निगरानी, कर प्रस्तावको स्वीकृति तथा सार्वजनिक खर्चको सम्मति वा अनुमोदन नै हो। मुलुकले सङ्घीय प्रणाली अवलम्बन गरेकाले सबै तहका व्यवस्थापिकाको यी विषयका कार्यसम्पादनको समीक्षा हुनु अझै महत्त्वपूर्ण पक्ष हो तर यस समीक्षामा सोबारे चर्चा सम्भव छैन । सङ्घीय संसद्को कार्यसम्पादन विस्तारमा र आंशिकरूपमा प्रदेश सभाको कार्यसम्पादनको समीक्षा गरिएको छ। साथै विधायन निर्माणमा सङ्घ र प्रदेशबीचको सम्बन्धबारे समीक्षा गरिएको छ।

**व्यवस्थापिकासम्बन्धी सवैधानिक व्यवस्था**

नेपालको संविधानको भाग ७ मा व्यवस्थापिकासम्बन्धी व्यवस्था छ । नेपालको संविधानले सङ्घीय[२], प्रदेश[३] र स्थानीय तह गरी तीन तहको व्यवस्थापिका रहने[४] व्यवस्था गरेको छ । जसअनुसार संविधानको भाग ७ मा सङ्घीय व्यवस्थापिकासम्बन्धी व्यवस्था छ। प्रत्यक्ष निर्वाचित १ सय ६५ र समानुपातिकबाट १ सय १० गरी २ सय ७५ जनाको प्रतिनिधि सभा र ५९ सदस्यीय राष्ट्रिय सभाको व्यवस्था गरेको छ। प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका हुने र ती दुई सदनलाई सङ्घीय संसद् भनिनेछ। राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट तीन जना महिला, एक जना अपाङ्ग गरी आठ जनाका दरले सात प्रदेशबाट ५६ जना र सरकारले मनोनीत गर्ने तीन जना सदस्य रहन्छन्। सङ्घीय संसद्मा सबै सभासद् एउटै स्थानमा रही सबै विषयमा सबैले परामर्श गर्न सम्भव हुँदैन । तसर्थ विज्ञताका आधारमा उनीहरूलाई विभिन्न समितिमा बाँडिन्छ जसलाई मिनी पार्लियामेन्ट समेत भनिन्छ।

यसरी संसद्को तल्लो सदनमा १०, उपल्लो सदन राष्ट्रिय सभामा तीन र संयुक्त गरी १५ समिति छन्। यी समितिलाई संसद्को वास्तविक कार्यशाला भनिन्छ।[५] विषयगत विज्ञहरूले यस्ता विषयमा बन्ने कानुन सम्बन्धमा घनीभूत छलफल गरी समयसापेक्ष कानुन निर्माण गर्न यस्ता समितिको परिकल्पना गरिएको हुन्छ । तथापि यस अध्ययन प्रयोजनका लागि यो अवधिमा संसद्को सबै समितिले कुन कुन विधायनमा कति समय खर्च गरे भनेर प्राथमिक तथ्याङ्क अभाव रहयो।

**संसद्को अधिवेशन**

यस अवधिमा संसद्को तेस्रो र चोथो गरी दुई वटा अधिवेशन सञ्चालन भयो। पाँचौँ अधिवेशन अर्थात हिउँदे अधिवेशन बिल अधिवेशन हुने र सो अधिवेशनमा

१. प्रा. डा. रामप्रसाद दाहाल, व्यवस्थापिका, नेपाल मानव अधिकार वर्ष पुस्तक, २०१८
२. नेपालको संविधान, भाग ७
३. नेपालको संविधान, भाग १४
४. नेपालको संविधान, भाग १८
५. सङ्घीय संसद्, राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति, वार्षिक प्रतिवेदन, २०७५/०७६

## हालको संसद्मा रहेका समिति

| क्र.सं. | समितिगत क्र.सं. | प्रतिनिधि सभातर्फ |
|---|---|---|
| १ | १ | अर्थ समिति |
| २ | २ | अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ३ | ३ | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समिति |
| ४ | ४ | कानुन, न्याय तथा मानव अधिकार समिति |
| ५ | ५ | शिक्षा तथा स्वास्थ्य समिति |
| ६ | ६ | सार्वजनिक लेखा समिति |
| ७ | ७ | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति |
| ८ | ८ | महिला तथा सामाजिक समिति |
| ९ | ९ | राज्य व्यवस्था तथा सुशासन समिति |
| १० | १० | विकास तथा प्रविधि समिति |
| | | **राष्ट्रिय सभातर्फ** |
| ११ | १ | दिगो विकास तथा सुशासन समिति |
| १२ | २ | विधायन व्यवस्थापन समिति |
| १३ | ३ | प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति |
| | | **संयुक्त समितितर्फ** |
| १४ | १ | राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन समिति |
| १५ | २ | अनुगमन तथा मूल्याङ्कन समिति |

५० भन्दा बढी बिल दर्ता[६] भए पनि सभामुखको विषयमा टुङ्गो नलागेका कारण अधिवेशन पटक पटक सर्न पुग्यो । तेस्रो अधिवेशन बजेट अधिवेशन भएकाले यसमा बजेट तथा खर्चसम्बन्धी विधेयक पारित भए । चौथो अधिवेशनको प्रारम्भ २०७६ साल वैशाख १६ गते सोमबार भयो भने यसको अन्त्य २०७६ असोज २ गते बिहीबार भयो।[७] यस अधिवेशनमा दुवै सभाबाट विनियोजन विधेयकलगायत विभिन्न आठ वटा विधेयक पारित भएका थिए ।[८] यस अधिवेशनमा ६५ वटा बैठक बसे ।[९] संसद्को गतिविधि निर्वाध चलोस्, सदनमा गतिरोधको अवस्था उत्पन्न नहोस् भन्ने सम्बन्धमा संविधान, नियम र स्थापित परम्पराअनुसार आवश्यक अध्ययन गरी सुझाव दिन अध्ययन तथा सुझाव संसदीय विशेष समिति गठन भएकामा २०७६ साउन २० गते बसेको सभाको पहिलो बैठकबाट सो समितिको कार्यावधि आगामी अधिवेशनसम्मका लागि थप गर्ने प्रस्तावसमेत पारित भएको छ।[१०]

**कानुन निर्माणमा सुस्तता**

संसद्को सबैभन्दा महत्त्वपूर्ण संवैधानिक दायित्वमध्ये एक कानुन निर्माण पनि हो । प्रत्येक व्यक्तिको हरेक श्वास/प्रश्वास र रक्त प्रवाहलाई नियमित गर्ने कानुनहरू आवश्यकताअनुसार निर्माण गर्ने, विद्यमान कानुनलाई समयअनुसार संशोधन गर्न अत्यन्त जरुरी हुन्छ। तर समीक्षा वर्षमा संसद्ले आफ्नो यो संवैधानिक दायित्व इमान्दारीपूर्वक निर्वाह गर्न सकेन । प्रतिनिधि सभाअन्तर्गत विभिन्न चरणमा रहेका २७ विधेयकमध्ये १० समितिमा विचाराधीन छन्।[११] विचाराधीनमध्ये पनि बिमासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न

६. https://kathmandupost.com/politics/2019/12/14/with-over-50-bills-to-endorse-parliament-looks-at-a-busy-winter-session
७. सङ्घीय संसद्, प्रतिनिधि सभा चौथो अधिवेशन, कार्यवृत्त, सङ्घीय संसद् सचिवालय, कार्यव्यवस्था शाखा, संसद् भवन, सिंहदरबार, काठमाडौँ
८. संसद् दर्पण, २०७६, पृष्ठ ३०
९. सङ्घीय संसद्, प्रतिनिधि सभा चौथो अधिवेशन, कार्यवृत्त, सङ्घीय संसद् सचिवालय, कार्यव्यवस्था शाखा, संसद् भवन, सिंहदरबार, काठमाडौँ
१०. सङ्घीय संसद्, प्रतिनिधि सभा चौथो अधिवेशन, कार्यवृत्त, सङ्घीय संसद् सचिवालय, कार्यव्यवस्था शाखा, संसद् भवन, सिंहदरबार, काठमाडौं, बुँदा नं. १६
११. ऋषिराम पौड्याल। डेढ वर्षदेखि थन्किए विधेयक, कान्तिपुर राष्ट्रिय दैनिक, माघ १३, २०७६

बनेको र नागरिकता ऐन संशोधन विधेयक सबैभन्दा पुराना सँगै सहमति जुट्न गाह्रो परेका हुन्।[१२]

**सम्बन्धित मन्त्रीको समेत प्राथमिकतामा पर्दैनन् कानुन निर्माण**

उदाहरणका लागि सङ्घीय निजामती सेवासम्बन्धी विधेयकमा सहमति जुटाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीले चार दिनको समय मागेर बेवास्ता गरेको एक महिनाभन्दा बढी भइसकेको छ।[१३] मुलुक सङ्घीयतामा गइसकेपछि स्थायी सरकारका रूपमा रहेको निजामती प्रशासन सञ्चालनका लागि अत्यावश्यक पर्ने सेवासम्बन्धी विधेयकलाई समेत प्राथमिकतामा नराखिनुले कानुन निर्माण संसद्को पहिलो प्राथमिकता होइन भनेर सङ्केत गर्छ।

प्रतिनिधिसभाको सभामुख चयन गर्ने संवैधानिक तथा कानुनी विधि हुँदाहुँदै पनि सोको इमान्दारपूर्वक पालना नगरी उपसभामुखलाई पार्टीको कार्यकर्ता जस्तो व्यवहार गरी सिङ्गो सभालाई अनिर्णयको बन्दी बनाइएका कारण प्रतिनिधि सभा कानुन निर्माण गर्ने प्रमुख संवैधानिक दायित्वबाट नै च्युत भएको अवस्था रह्यो। विधेयक अधिवेशन भनिने हिउँदे अधिवेशन सभामुखको अभावमा कार्यसूचीमा नै प्रवेश गर्न नसकेका कारण अत्यावश्यक कानुनहरूसमेत निर्माण हुन सकेन भने लामो समयदेखि संसद्मा विचाराधीन ३ तहबीच समन्वय गर्ने विधेयकले समेत अन्तिम रूप प्राप्त गर्न सकेन। त्यसैगरी संविधानको धारा ४२ ले प्रत्याभूत गरेको सामाजिक न्यायसम्बन्धी हकलाई प्रचलनमा ल्याउनका लागि आवश्यक पर्ने कानुन यस वर्ष पनि बन्न सकेन।

**संसद्मा प्रजनन स्वास्थ्यसम्बन्धी विधेयक दर्ता : कैदी/बन्दीलाई प्रजनन अधिकार कानुन बन्दै**[१४]

नागरिकलाई उनीहरूको अवस्थाका आधारमा विभेद गर्न नपाइने विश्वव्यापी मान्यता हो । कैदी/बन्दीलाई नेपालमा प्रजननको अधिकार नहुने भएकामा विगतमा सर्वोच्च अदालतले उनीहरूको सो अधिकारको सम्मान हुने गरी कानुन निर्माण गर्न आदेश दिइसकेको अवस्थामा अब कानुन संशोधन हुने भएको छ । सर्वोच्च अदालतले २०६८ मा कानुनीरूपमा प्रमाणित श्रीमान्–श्रीमतीलाई भेट्न दिने फैसला[१५] गरी कार्यान्वयनका लागि कारागार व्यवस्थापन विभाग पठाएको थियो। गृह मन्त्रालयले यससम्बन्धी प्रावधान राखेर कारागारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संसद्मा पुर्‍याएको छ।

संसद्को आगामी पाँचौँ अधिवेशनमा दर्ता हुने गरी लगिएको विधेयकमा प्रजनन अधिकारको संरक्षण शीर्षकअन्तर्गत कारागारमा बन्दीका रूपमा रहेका वैध दम्पतीको प्रजनन अधिकार संरक्षण गर्ने प्रयोजनका लागि तोकिएबमोजिम भेटघाट गर्ने अनुमति दिनुपर्ने उल्लेख छ।[१६] प्रजनन अधिकार संरक्षणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने भनिएको छ। कुनै पनि व्यक्तिको प्रजनन अधिकार संरक्षण गर्नु राज्यको कर्तव्य हुने र सम्मानित सर्वोच्च अदालतको आदेशलाई समेत कार्यान्वयन गर्नुभएकाले प्रजनन अधिकार राखिएको भनेर विधेयकको व्याख्यात्मक टिप्पणीमा उल्लेख छ। करिब १ दशकदेखि बहसमा आएको यो विषय सन्तान नभएकालाई प्राप्तिका लागि मात्र दिने भनिएको छ। यसरी अब पाँचौँ अधिवेशनमा यो विधेयक पारित भएमा सन्तानविहीन बन्दीहरूले आफ्नो प्रजनन अधिकार उपभोग गर्न पाउने छन्।

प्रजनन स्वास्थ्यका अलावा प्रस्तावित विधेयकमा कैदी/बन्दीको अवस्थाअनुसार अध्ययनका लागि आधारभूत शिक्षा, माध्यमिक शिक्षा, खुला वा दूर शिक्षा, प्रौढ, अनौपचारिकको व्यवस्था मिलाउनुपर्नेसमेत उल्लेख छ। त्यस्तै सरकारले १५ सयभन्दा बढी बन्दी रहेको कारागारमा एउटा अस्पताल र ५ सयदेखि १ हजार जनासम्म बन्दी रहेको कारागारमा स्वास्थ्य चौकी व्यवस्था गर्नुपर्ने भनिएको छ। हाल केन्द्रीय कारागारमा

१२. ऐ. ऐ.

१३. ऋषिराम पौड्याल। डेढ वर्षदेखि थन्किए विधेयक, कान्तिपुर राष्ट्रिय दैनिक, माघ १३, २०७६

१४. कान्तिपुर असोज १५, २०७६
https://ekantipur.com/news/2019/10/02/157002821164947423.html?author=1

१५. Ibid

१६. दफा २३

अस्पताल र अन्य कारागारमा स्वास्थ्यकर्मी छन् ।[१७] तर पनि स्वास्थ्य उपचारको अभावमा बन्दीले अकालमा ज्यान गुमाइरहेको अवस्था छ।

**नेतृत्वविहीन व्यवस्थापिका : संददीय पद्धतिको मर्ममाथि नै प्रहार**

प्रतिनिधि सभाका तत्कालीन सभामुख कृष्णबहादुर महरालाई २०७६ साल असोज १९ गते प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएपछि[१८] लामो समयसम्म अर्थात २०७६ साल माघ १२ गते नेकपा (पूर्वमाओवादी) नेता अग्निप्रसाद सापकोटालाई सभामुखमा चयन नगरेसम्म संसद् प्रमुखविहीन रह्यो। सो निकायको प्रमुख तत्कालीन सभामुख महरा आफ्नै कर्मचारीमाथि बलात्कार उद्योग गरेको अभियोगमा कारागार मात्र चलान भएनन् कि निजले सो पदबाट राजीनामा दिएको चार महिनासम्म पनि सभामुख चयन गरिएन। यति लामो समयसम्म जननिर्वाचित सर्वोच्च निकाय प्रमुखविहीन बनाउनु भनेको लोकतन्त्रमाथि गम्भीर प्रहार हो । अझ अर्को शब्दमा भन्नुपर्दा यो संस्थामाथिको ग्रहण नै हो। तसर्थ यो वर्ष संसद्मा ग्रहण लागेको वर्ष जस्तै हो।

अझ विडम्बनापूर्ण कुरा, यति गम्भीर आरोप लागेपछि पनि निज महराले आफ्नो पदबाट तत्कालै राजीनामा दिनुको सट्टा छानबिन नटुङ्गिएसम्मका लागि भनी ससर्त राजीनामा दिए । राजीनामा भनेको अल्पकालीन र पूर्णकालीन भन्ने विषय हुने नै हैन। पछि उनले असोज १५ गते सोही दिनबाट लागु हुने गरी राजीनामा दिए ।[१९] सभामुख जस्तो व्यक्तिले पनि आरोप लागेपछि आफ्नो पदीय गरिमा राख्न सकेनन्। त्योभन्दा पनि थप विडम्बनापूर्ण कुरा त उनी चुनिएर आएको पार्टीका अध्यक्षलाई आफ्नो कसुर लुकाएकाले निजलाई पदबाट राजीनामा दिन भनिएको भन्ने आशयका समाचार संप्रेषण भए ।[२०] यसको सिधा अर्थ के हुन्छ भने यदि कसुरबारे आफ्नो पार्टीका अध्यक्षलाई नढाँटेको भए उनलाई उक्त कसुरबाट सफाइ दिने काम पार्टीले गर्थ्यो। यसबाट गम्भीर प्रकृतिका दुई वटा संशय जन्म भएको छ– पहिलो सभामुख जस्तो गरिमामय संवैधानिक पदमा रहेको व्यक्तिले आफ्नो कसुर लुकाएकाले उनलाई उक्त कसुरका लागि जिम्मेवार तुल्याइयो । अर्थात कसुर नलुकाएको भए उनलाई उन्मुक्ति हुने रहेछ। दोस्रो, सभामुख भइसकेको व्यक्ति पार्टीभन्दा माथि सबैको साझा संस्था हुनुपर्नेमा उनलाई उनको पार्टी सचिवालयले राजीनामा गर्न भन्नुले उनी सदनको प्रमुख नभएर दलगत समूहको रक्षक भएको प्रतीत हुन्छ। त्यसपछि पनि उनी आफैँ राजीनामा दिएर सहयोग गर्नुपर्नेमा अनुसन्धान अवधिका लागि भनेर सर्तसहितको राजीनामा पेश गरे ।[२१] राजीनामा पनि सर्तसहितको आउनु उनको पदलोलुपता देखिन्छ । उनलाई निजको पार्टीबाट राजीनामा गर्न सुझाउनुको सट्टा गम्भीर अभियोग लागिसकेपछि अनुसन्धान नसघाउने सभामुखलाई संवैधानिक प्रावधानअनुरूप हटाउनतिर लागेको भए बल्ल संसदीय अभ्यास र लोकलान्त्रिक मूल्य/मान्यता विकास हुन्थ्यो । संविधानको धारा ९१ (६) (ग) अनुसार पदीय आचरणअनुसार काम नगरे सभाको दुईतिहाइ बहुमतले पारित गरी सभामुखलाई पदबाट हटाउन सकिने व्यवस्था हुँदाहुँदै त्यसलाई निष्क्रिय तुल्याइयो।

उनको राजीनामा राष्ट्रपतिबाट स्वीकृत भई संसद्को अधिवेशन आह्वान गर्दासम्म पनि अर्को सभामुखको टुङ्गो थिएन। २०७६ पुस ४ लाई तोकिएको संसद्को बैठक विशेष कारणले बस्न नसकेको भनी पुस ११ गतेका लागि बैठक डाकिएको थियो। सो दिन पनि बैठक बस्न नसकेपछि पुनः १६ गतेका लागि अर्को बैठक डाकियो । सो दिन पनि सभामुखको उम्मेदवारबारेमा सत्तारुढ दल नेकपाभित्र सहमति जुट्न नसक्दा अर्को बैठक २७ गतेका लागि डाकियो। यसरी यो वर्ष संसद्को

१७. कान्तिपुर, असोज १५, २०७६ https://ekantipur.com/news/2019/10/02/157002821164947423.html?author=1

१८. http://hr.parliament.gov.np/np/notices/1570782683. "Mahara arrested" Nepali Times, 2019 Oct 6. Available at https://www.nepalitimes.com/latest/mahara-arrested/ Last accessed on 2020 Jan 26.

१९. http://hr.parliament.gov.np/np/notices/1570001822

२०. महराले गम्भीर गल्ती गरे, उचित कार्बाही हुनुपर्छ : दाहाल https://www.himalkhabar.com/news/15895; महराले नेतृत्वलाई ढाँटेर गम्भीर गल्ती गरे : प्रचण्ड, अनलाइनखबर, २०७६ कात्तिक २०, https://www.onlinekhabar.com/2019/11/808951, कान्तिपुर

२१. संसद् सचिवालयद्वारा सभामुख महराको राजीनामाबारे जानकारी असोज १५, २०७६ कान्तिपुर https://ekantipur.com/news/2019/10/02/157000279165784309.html

तल्लो सदन जहाँ नागरिकले प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीमार्फत आफ्ना प्रतिनिधि चुनेर पठाएका हुन्छन्, जो निकाय सबैभन्दा बढी नागरिकसँग प्रत्यक्ष जोडिएको हुन्छ, त्यो सभा सभामुखविहीन बन्दा उसले गर्नुपर्ने दैनिक गतिविधिसमेत प्रभावित भए। पाँच वटा विधेयक प्रमाणित हुन पाएका छैनन् ।[३२] सभामुख अभावमा नागरिकका दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विधेयकहरू महिनौँसम्म पनि प्रमाणीकरण नहुनु ससंदीय मर्म र मर्यादा विपरीत हो।

उपसभामुख डा. शिवमाया तुम्बाहाम्फेलाई नेकपाको सचिवालयले राजीनामा गर्न निर्देशन दिएकामा उनले राजीनामा नदिने बताउँदै आएको पछिल्लोपल्ट २०७६ पुस २७ गतेलाई तोकिएकामा प्रतिनिधि सभाको बैठक आफैँ गर्ने बताए पनि सो बैठक सुरु नै नगरी माघ ६ गतेसम्मका लागि स्थगित गरियो।[३३] त्यही दिन अर्को सभामुखको उम्मेदवार तय भयो । अनिमात्र प्रतिनिधि सभाको गतिरोध अन्त भयो । यसरी सत्तारुढ दलको राजनीतिक स्वार्थको सिकार उक्त सभा हुन पुग्यो।

झण्डै ४ महिनादेखि सभामुखविहीन बनेको प्रतिनिधि सभाले सभामुख चयनसम्बन्धी आफ्नै विगतको राम्रा अभ्यासलाई पनि बेवास्ता गऱ्यो। संसदीय परम्पराअनुसार सभामुख पद सत्तारुढ दलकै भागमा हुनुपर्छ भन्ने हुँदैन। विगतमा नेपाली कङ्ग्रेस ठूलो दल भएको अवस्थामा पनि एमालेबाट सुवासचन्द्र नेम्वाङ सहमतिका आधारमा सभामुख र संविधान सभाको अध्यक्ष बनेको नजीर छ।[३४] त्यस्तै तत्कालीन माओवादी केन्द्र संसद्मा तेस्रो ठूलो दल भएर पनि सो पार्टीका सांसद ओनसरी घर्ती मगर सहमतीय सभामुख भएकी थिइन् । यसरी परम्पराबाटै सभामुख पदमा चुनिने प्रथालाई चार महिनासम्म लत्याइरहँदा विगतमा संविधान सभाको चौथो शक्ति राप्रपाका गङ्गाप्रसाद यादवलाई समेत उपसभामुख बनाइएको संसदीय परम्परा हामीकहाँ छ[३५] भन्ने हेक्कासम्म कसैमा रहेजस्तो देखिएन । नागरिक खबरदारी जति बढी हुन्छ उति नै संसद् जिम्मेवार बन्छ ।[३६] तसर्थ संसद्लाई उत्तरदायी र जवाफदेही तुल्याउन पनि नागरिक खबरदारी आवश्यक हुन्छ ।[३७] तर नागरिक खबरदारी नभए पनि व्यवस्थापिकाले लोकतन्त्र र कानुनी शासनको उपेक्षा गर्नु शुभ सङ्केत होइन। नागरिक समाज कमजोर हुँदै गएका भन्ने आक्षेप लागिरहेको अवस्थामा ढिलै भए पनि नागरिक समाजले समेत यस विषयमा चासो व्यक्त गऱ्यो।

यसरी प्रतिनिधि सभालाई सभामुखविहीन बनाउने मात्र नभएर अनिर्वाचित व्यक्तिलाई समेत कार्यकारी अधिकार दिने गरी संविधान संशोधनको चर्चा आउनु राम्रो पक्ष होइन। संसदीय प्रणालीमा संसद्बाटै कार्यकारी प्रमुखसमेत चुनिने हुँदा सो उपायको अवलम्बन गरी कार्यपालिकालाई संसद्प्रति जवाफदेही तुल्याउनुपर्ने हुन्छ।

वास्तवमा संसारभर नै विद्यमान राजनीतिक दलसँग मतदाता खुसी नभएको अध्ययनले देखाएको छ। अमेरिकामा सन् २००३ मा तेस्रो राजनीतिक दलको पक्षमा ५४ प्रतिशत, २००७ मा ६६ प्रतिशत, २०१० मा ६१ प्रतिशत, २०११ मा ५१ प्रतिशत मतदाताले मत जाहेर गरे।[३८] अमेरिकामा नागरिकमा तेस्रो राजनीतिक दलको अभाव र परम्परागत लोकतान्त्रिक र गणतान्त्रिक

---

३२. ऋषिराम पौड्याल। डेढ वर्षदेखि थन्किए विधेयकः, कान्तिपुर राष्ट्रिय दैनिक, माघ १३, २०७६

३३. सभामुखको उम्मेदवार टुङ्ग्याउन ओली–दाहाल बालुवाटारमा, पुस २७, २०७६ कान्तिपुर https://ekantipur.com/news/2020/01/12/157880809810571369.html

३४. अरुण बराल, नयाँ सभामुख नेकपाले नपाउने सङ्केत, २०७६ असोज १५ गते https://www.onlinekhabar.com/2019/10/800786

३५. अरुण बराल, नयाँ सभामुख नेकपाले नपाउने सङ्केत, २०७६ असोज १५ गते https://www.onlinekhabar.com/2019/10/800786

३६. Brigid Callahan Harrison, Jean Wahl Harris, Michelle D Deardorff. American Democracy Now (Fourth Ed) Mc Graw Hill Education, p 446

३७. Tejman Shrestha and Tara P. Sapkota. “Role of Civil Society in Countering Corruption: Nepalese Experience” in ***International Journal of Legal Studies and Research (IJLSR,*** The West Bengal National University of Juridical Science in association with South Asian University, New Delhi, Special Issue-June 2018 ISSN (O): 2278-4764 pp212-238;

३८. Gallup, “support for Third U S Party Dips, but is Still Majority View, “ 2012, available at www.gallup.com/poll/147461/Support-Third-Party-Dips-Majority--View.aspx.

दलहरूले आमअमेरिकी नागरिकको भावनाको प्रतिनिधित्व गर्न नसकेकाले हतास बनेका छन्।[२९] यसरी ठूला राजनीतिक दलको आधिपत्य भएको संसद्ले जनसरोकारलाई सम्बोधन गर्न सकेन भने उनीहरूको अस्तित्व नै सङ्कटमा पर्न सक्छ।

**अस्वस्थ दलीय छायाँ व्यवस्थापिकामा**

व्यवस्थापिका आफ्ना संवैधानिक दायित्वहरू निर्वाह गर्न चुकेको तर संसद् सदस्य आबद्ध रहको राजनीतिक दल वा कार्यकारीबाट निर्देशित भएको जस्तो देखिएकाले राजनीतिक दल वा कार्यपालिकाको छायामा व्यवस्थापिका चलेको हो कि भनी शङ्का गर्ने आधार भेटिएका छन्। नेपालको संसदीय विचलनबाट अचम्मित मात्र हैन, त्रस्त बन्नुपरेको छ किनकि स्वतन्त्र र निष्पक्ष न्यायिक अधिकार प्रयोग गर्नुपर्ने संसद्का सभामुख र उपसभामुखलाई दलीय निर्णयबाट राजीनामा दिन आदेश जारी गर्ने असंवैधानिक र असंसदीय पद्धति अवलम्बन गरियो। यस्तो गलत अभ्यास रोक्न जरुरी छ अन्यथा हाम्रो संसदीय अभ्यास केवल आलङ्कारिक बन्नेछ। पूर्वसभामुख कृष्णबहादुर महरालाई निज निर्वाचित भएर आएको दल नेकपाले राजीनामा दिन निर्देशन दियो।[३०] उनलाई पद मुक्त गर्न अन्य संवैधानिक बाटा हुँदाहुँदै पनि अपनाइएन। संविधानको धारा ९१ ले निजले पदअनुरूपको कार्य नगरे दुईतिहाइ बहुमतले निजलाई हटाउन सकिने व्यवस्था छ।[३१] उपसभामुखलाई पनि सोही कारण सोही तरिकाबाट हटउन सकिन्छ[३२] तर निज उपसभामुख शिवमाया तुम्बाहाम्फेलाई अहिले राजनीतिक दबाबमा राजीनामा दिन बाध्य गरियो।[३३] यसले अस्वस्थ सत्तासीन दल र यसका अस्वस्थ नेताबाट संसदीय अभ्यास एकदलीय साम्यवादतर्फ उन्मुख हुने र गलत असंवैधानिक अभ्यासमा अघि बढ्दै जाने डर बढेको छ।[३४] एकपटको सभामुख सधैँको सभामुख भन्ने संसदीय मान्यता हामीले बुझ्न सकेनौँ।

विडम्बनापूर्ण त यो छ कि यस्तो गैरसंसदीय अभ्यासको खिलाफमा प्रतिपक्ष र अन्य दल चूपचाप रहे। साँच्ची नै प्रतिपक्षी दललाई टुकी बालेर खोज्नुपर्ने हो कि जस्तो भएको छ। विपक्षी दल जसलाई वेटिङ गभर्मेन्ट का रूपमा लिइन्छ उसले यस्तो गैरसंसदीय अभ्यासको खिलाफविरुद्ध संसद्मा आफ्नो स्पष्ट दृष्टिकोण राख्न सक्नुपर्थ्यो। संविधानको पालक र संरक्षकको जिम्मा प्राप्त राष्ट्र प्रमुख दलीय दम्भको उन्माद बोकेका सत्तापक्षीय नेताहरूको चेपुवामा पर्नुभएको हो कि भन्ने शङ्का उत्पन्न हुन थालेको छ।[३५] राष्ट्रपतिले समेत देशको राजनीतिक तुवाँलो हटाउन उहाँले इमानदारीपूर्वक केही भूमिका खेल्न आँट गर्न सक्नुहुन्छ कि हुन्न, त्यो हेर्न बाँकी नै छ।[३६] राष्ट्रपतिले संसद्लाई सम्बोधन गरेर समस्या समाधानका लागि संसद्लाई सहयोग मिल्ने अवस्था रहन्थ्यो। समस्या हल गर्न संविधानका संरक्षकले पहल गर्न सक्ने अवस्था रहँदारहँदै त्यसो हुन सकेन। जनप्रतिनिधि आफैँ यसमा पनि क्रियाशील हुन सकेका पाइएन। त्यतिमात्र हैन कि प्रदेशको नामाकरण र राजधानी तोक्ने विषयमा समेत जनप्रतिनिधि विवेक प्रयोग गर्न सक्ने अवस्था नरहेको आभास भयो। प्रदेश नं. ३ को नामाकरण र राजधानी तोक्ने क्रममा प्रदेश सभामा ह्विप जारी गरियो।[३७] यसरी संसदीय अभ्यासमा पार्टीको बढी नै हस्तक्षेप देखियो।

**मानव अधिकार रक्षामा व्यवस्थापिकाको भूमिका**

जनप्रतिनिधिमूलक संस्था भएका नाताले व्यवस्थापिकाले जनताका लागि ऐन, नियम, कानुन बनाएर, नागरिक अधिकारका विषयमा छलफल, बहस, पैरवी गरेर, मानव अधिकार हनन्का घटनालाई छलफलमा ल्याइ यसको विरोध गरेर, नागरिकसमक्ष ल्याएर जानकारी गराएर कार्यपालिकालाई दबाब दिने

२९. Gallup, "support for Third U S Party Dips, but is Still Majority View, " 2012, available at www.gallup.com/poll/147461/Support-Third-Party-Dips-Majority--View.aspx.

३०. अनलाइन खबर, सूर्य ढुङ्गेल, ttps://ekantipur.com/news/2020/01/12/157882657288696672.html

३१. धारा ९१ (६) (ग)

३२. धारा ९१ (६) (ग)

३३. अनलाइन खबर, सूर्य ढुङ्गेल, ttps://ekantipur.com/news/2020/01/12/157882657288696672.html

३४. सूर्य ढुङ्गेल, ttps://ekantipur.com/news/2020/01/12/157882657288696672.html

३५. Ibid

३६. Ibid

३७. https://ekantipur.com/news/2020/01/12/157882657288696672.html

कार्यसमेत गर्छ। उदाहरणका लागि संसद्मा पेश भएको सूचना प्रविधि विधेयक समितिमा अङ्कगणितीय हिसावमा पास भइसक्यो र यदि नागरिक खबरदारी भएन भने व्यवस्थापिकाबाट समेत सोही अङ्कगणितीय हिसावमा पास हुनेछ।[३८] त्यतिमात्र हैन, यस्ता घटनाको अनुगमन गरी आफूअन्तर्गतका समितिमार्फत सरकारलाई आवश्यक निर्देशन जारी गर्छ। मानव अधिकार संरक्षण तथा संवर्द्धन गर्न विशेष भूमिका निर्वाह गर्छ। आफ्नो मुख्य कार्य विधायन निर्माण, सरकारका नीति तथा कार्यक्रमको समीक्षा, सरकारी प्रशासनको निगरानी, कर प्रस्तावको स्वीकृति तथा सार्वजनिक खर्चको सम्मति[३९] मार्फत व्यवस्थापिकाले निरन्तर मानव अधिकार रक्षाका लागि कार्य गरिरहेको हुन्छ तर यो वर्ष नेपालको अनुभव त्यति सुखद रहेन।

सदनमा प्रमुख विपक्षी दल नेपाली कांग्रेसको भूमिका ज्यादै कमजोर छ । उसको भूमिका प्रमुख प्रतिपक्षी दल भएर पनि छ कि छैन भन्ने अवस्थामा पुगेजस्तो छ ।[४०] संसद्को मतदानको विषयमा अङ्कगणितीय हिसावमा कम भए पनि झण्डै झण्डै उत्तिकै सङ्ख्यामा जनमत रहेको प्रमुख प्रतिपक्षी दल एजेन्डाको हिसावमा कमजोर रहनु लोकतन्त्रका लागि खतराको सूचक नै हो ।[४१] संसदीय व्यवस्थामा सदन भनेकै विपक्षीको हो भन्ने गरिन्छ।

संसद् आलङ्कारिक बन्दै जानु लोकतन्त्रको अर्को कमजोर सूचक हो । कानुन निर्माण गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण जिम्मेवारी रहेको संसद् आलङ्कारिक बन्दैछ।[४२] कानुन निर्माणको मुख्य थलो कानुन निर्माण भन्दा पनि मन्त्रालयको तजविजीमा बढी चल्ने गर्‍यो। त्यतिमात्र होइन, प्रतिनिधि सभाका सभामुख महराको डेढ वर्षे कार्यकालमा सभामुख र कांग्रेस पटक पटक आमने–सामने भए । महरा सभाको अनुहार बन्न नसकेको र ओली सरकारको लाचार छाया मात्र बनेको गम्भीर आरोप प्रतिपक्षले लगायो।[४३] सभामुख आफूलाई चुन्ने दलको मात्र नेता नभएर सिङ्गो संसद्को अभिभावक हो।

**फौजदारी अभियोजनमा सभासद् पक्राउको जानकारी : सभासद्बीच नै विभेद कि एकरूपताको अभाव**

यो वर्ष गैरसैनिक नागरिक उड्ययनविरुद्धको अपराध, बलात्कार, हत्या जस्ता फौजदारी अभियोगमा सङ्घीय संसद्का तीन सदस्य पक्राउ परे । सङ्घीय संसद् प्रतिनिधि सभा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २४४ अनुसार सभामुखले आफ्ना सदस्य पक्राउ परेपछि सोको जानकारी सदनलाई दिनुपर्ने हुन्छ तर सदन नचलेको अवस्थामा संसद्को सूचना पाटीमा जानकारी टाँस्नुपर्ने हुन्छ ।[४४] संसद्का सदस्यहरू मोहमदअफताव आलम पक्राउ पर्दा सदस्य पक्राउ गरिएको सूचना[४५] भनी सूचना टाँस गरियो । तर निवर्तमान सभामुख कृष्णबहादुर महरालाई पक्राउ गरिएको सूचनामा भने नियन्त्रणमा लिइएको भन्ने उल्लेख गरी संसद् सदस्यबीच नै फरक व्यवहार गरियो। दुवै सदस्य फौजदारी अभियोजनमा पक्राउ परे पनि महराको हकमा नियन्त्रण र आलमको हकमा पक्राउ भनी संसद्बाट सूचनापत्र जारी हुनु आफैँमा विभेद हो। यी दुईबाहेक बुद्ध एयरको जनकपुर काउन्टर तोडफोड गर्ने राजपा सांसद त्रिभुवन विमानस्थलबाट २०७६ असोज २७ गते सोमबार पक्राउ परेका थिए।[४६] यसरी

३८. गगन थापा। नागरिक स्वतन्त्रतामा अङ्कुश लगाउने प्रयास। नयाँ पत्रिका दैनिक। https://www.nayapatrikadaily.com/news-details/33067/2020-01-07
३९. A Guide to Government in Nepal: Structures, Functions, and Practices
४०. तेजमान श्रेष्ठ। संविधान संशोधन गर्दै, अघि बढ्दै। नयाँ पत्रिका, २०७६ असोज ४, पृष्ठ ७
४१. रामप्रसाद खनाल। मौलाएको र ज्यानमारा सभामुख भएको देश http://www.nepalmother.com/2020/01/blog-ost_26.html?fbclid=IwAR0bXxR7WJs7q1TgzCiqoZ1iqzUKyLvLW3efZ0aq_Sa6TQ45mVgCqy4mewI ; Last visited Jan 29, 2020
४२. सेरेमोनियल बन्दै संसद्, कान्तिपुर २०७६ पुस २३
४३. कांग्रेसको शङ्का। अग्नि सापकोटा अर्को महरा बन्ने त होइनन् ! अनलाइन खबर, २०७६।१०।१२ https://www.onlinekhabar.com/2020/01/831443
४४. नियम २४४ (२)
४५. सदस्य पक्राउसम्बन्धी सूचनापत्र २०७६।०२।२७ http://hr.parliament.gov.np/uploads/attachments/zs3fnxxto9lr6u2v.pdf
४६. सेतोपाटी, असोज २८, २०२७ https://www.setopati.com/politics/191501

नागरिकका प्रतिनिधि फौजदारी अभियोजनमा धमाधम पक्राउ पर्नु पक्कै पनि सुखद होइन।

**संविधानप्रदत्त मौलिक हक तथा सभ्य समाजमा स्वीकार्य नागरिक स्वतन्त्रता विरोधी कानुन निर्माणको अभ्यास**

प्रतिवेदन अवधिमा संसद्मा दर्ता भएको कैदी/बन्दीको प्रजनन स्वास्थ्य अधिकार विधेयक[४७] भन्दा बाहेकका मुख्य मुख्य विधयेक विवादमुक्त हुन सकेनन् । यी विधयेकका व्यवस्था संविधानप्रदत्त मौलिक हक तथा सम्य समाजमा स्वीकार्य नागरिक स्वतन्त्रता विरोधी छन् । गुठीसम्बन्धी विधेयकले त आदिवासी जनजाति समुदायको सांस्कृतिक अधिकार कुण्ठित गर्ने भनी काठमाडौँका नेवार समुदायको विरोधपछि सरकारले उक्त विधेयक फिर्ता लिन बाध्य भयो। त्यस्तै सूचना प्रविधि विधेयक, विशेष सेवा गठन विधेयक, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न बनेका विधेयक वास्तवमै लोकतन्त्र विरोधी छन्।

**(क) अभिव्यक्ति स्वतन्त्रतामाथि अङ्कुश : मौलिक हक विपरीत विधायन निर्माणको अभ्यास**

सूचना प्रविधि विधेयक संसद्मा दर्ता भएपछि सञ्चार जगतमात्र नभएर आमसर्वसाधारणको समेत गम्भीर चासोको विषय बनेको छ । सूचना प्रविधि विधेयकमार्फत सरकारले संविधानले दिएको अधिकार खोस्ने प्रक्रियागत तयारीका रूपमा बुझिएको छ ।[४८] सरकारले पछिल्लो समय एकपछि अर्को विधेयक ल्याएर मानव अधिकार आयोग, सञ्चार क्षेत्र, सङ्घ/संस्थालाई नियन्त्रण गर्न खोजेको भन्दै नेपाल पत्रकार महासङ्घ, नेपाल बार एसोसिएसन, गैरसरकारी संस्था महासङ्घलगायतले आपत्ति जनाएका छन् । त्यसैगरी एम्नेस्टी इन्टरनेसनल नेपाल[४९] ले पनि यो विधेयकप्रति गम्भीर आपत्ति जनाएको छ । नागरिकका लागि कानुन निर्माण गर्ने व्यवस्थापिका कार्यकारीको आज्ञापालक निकाय जस्तो भएर रहँदा संसद्ले बाटो बिराएको अवस्था जस्तो अनुभूत भएको छ। सामाजिक सञ्जालमा कसैलाई जिस्काएको भरमा पाँच वर्षको जेल सजाय र १५ लाखसम्मको जरिवाना वा दुवै सजाय विधेयकमा प्रस्ताव गरिएको छ भने फौजदारी सजाय गर्न अर्धन्यायिक प्रकृतिको संयन्त्र प्रस्ताव गरिएको छ । यसरी यो विधेयकले नागरिकलाई सुरक्षाको आभास भन्दा त्रास बढाएको र लोकतन्त्रमा नै खतरा पुग्ने, निरङ्कुशताको डर रहेको भन्ने नेपाल बार एसोसिएसन, मानव अधिकार आयोगको समेत ठम्याइ छ।[५०] प्रतिनिधि सभाको विकास तथा प्रविधि समितिले बहुमतका आधारमा केही विवादित बुँदाहरूसहितको प्रतिवेदन प्रतिनिधि सभामा पठाएको छ। जुन अहिले विवादित बनेको छ भने प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले नोट अफ डिसेन्ट राखेको थियो।[५१] नागरिक दबाब पुग्न सकेन भने अङ्कगणितीय आधारमा यो विधेयक संसद्बाट पनि अनुमोदन हुनेछ भनेर एक जना सङ्घीय संसद्का सदस्यले नागरिकलाई खबरदारी गर्न आग्रह गरेका छन्।[५२] त्यसैगरी यो विधेयक पास भएमा नागरिकको अभिव्यक्ति स्वतन्त्रता मात्र हैन कि इन्टरनेट सेवाप्रदायक संस्था वा व्यक्तिको व्यवसाय गर्ने अधिकार पनि कुण्ठित हुन जान्छ।[५३] यसरी पेशागत सङ्गठन, मानव अधिकार आयोग, सूचना प्रविधिविज्ञ सबैतिरबाट यो विधेयकमा कमी रहेको औंल्याइएको छ।

**(ख) राष्ट्रिय मानव अधिकार आयोग ऐन संशोधन**

राष्ट्रिय मानव अधिकार आयोगले मानव

४७. उक्त विधेयकबारे परिच्छेद ५ मा छलफल गरिएको छ।

४८. कान्तिपुर, सूचना प्रविधि विधेयकमाथि प्रश्न : 'संविधानले अधिकार दिने विधेयकले खोस्ने ?'

४९. AMNESTY Internatioanl, Nepal: Information Technology Bill threatens freedom of expression, 16 Jan 2020

५०. जगन्नाथ दुलाल। विधेयकले त्रास बढायो : लोकतन्त्र खतरामा, निरङ्कुशताको डर, २०७६ पुस २१ https://baahrakhari.com/news-details/233985/2020-01-06?fbclid=IwAR3yaTA3ybUbsm6C8xGXmIViFDTxdEx9rGLHdgf9ZFM4o9VCNKoJpen4HJM#.XhNH5g\alcFc.facebook

५१. Iibd

५२. गगन थापा। नागरिक स्वतन्त्रतामा अंकुश लगाउने प्रयास। नयाँ पत्रिका दैनिक। https://www.nayapatrikadaily.com/news-details/33067/2020-01-07

५३. बाबुराम अर्याल। सूचना प्रविधि विधेयक : सरकारको दम्भ। नयाँ पत्रिका दैनिक। https://www.nayapatrikadaily.com/news-details/32894/2020-01-05

अधिकार उल्लङ्घनका घटना अनुसन्धान गरी दोषीउपर कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने संवैधानिक व्यवस्था छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगले मुद्दा दर्ता गर्न सिफारिस गरेको तीन महिनाभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनुपर्ने र सो कार्यान्वयन गर्न मनासिव समस्या भए दुई महिनाभित्र आयोगलाई सोको जानकारी दिनुपर्ने, आयोगले त्यसरी गरेको सिफारिस कार्यान्वयन गर्नुपर्ने सरकारको कर्तव्य हुने बाध्यात्मक व्यवस्था गरिएकामा सो व्यवस्थालाई प्रतिस्थापित गर्ने गरी प्रस्ताव गरिएको उक्त ऐन संशोधन विधेयक आफैँमा संवैधानिक हिसावले त्रुटिपूर्ण छ किनभने सोबमोजिम संशोधन गरिएमा सो ऐनको व्यवस्था संविधानको धारा २४९ (२) (ग) को व्यवस्थाभन्दा माथि हुनेछ।[५४] हालको प्रस्तावअनुसार ऐन संशोधन भएका आयोग दाँत र नङ्ग्राविहीन हुनेछ।

**– छद्म विधायनमार्फत आयोगको अधिकार सङ्कुचन**

संविधानको धारा २९३ मा संवैधानिक निकायका प्रमुख र पदाधिकारी सङ्घीय संसद्प्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने व्यवस्था छ। प्रतिनिधि सभाको समितिले मानव अधिकार आयोगबाहेकका अन्य संवैधानिक निकायका प्रतिवेदनलगायतका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र राय सल्लाह दिने व्यवस्थालाई समेत अनदेखा गरी संविधानको धारा २४९ बमोजिमको आयोगको कार्यादेशलाई सङ्कुचित व्याख्या गरी धारा १५८ (२) मा अन्यत्र व्यवस्था भएबाहेक भन्ने स्पष्ट उल्लेख गरेको सर्तलाई नदेखेझैँ गरी ल्याउन लागिएको संशोधन संविधानसँग बाझिने गरी गरिएको विधायन निर्माण छद्म विधायन (colourable legislation) हुनेछ। जुन कुरा संविधानले वर्जित गरेको छ त्यसलाई कानुनी पाटो (statutory device) प्रयोग गरी गर्न अनुमति प्रदान गर्नु नै छद्म विधायन हो । तसर्थ आयोगको सिफारिस अनुनयात्मक नभएर बाध्यकारी नै हो ।[५५] तर पनि महान्यायाधिवक्ताले आयोगको सिफारिस भन्दा पनि माथि रहेर निर्णय गर्ने गरी ऐनलाई संशोधन गर्न प्रस्ताव गरिएको छ।

आफ्नो हित वा स्वार्थ समावेश भएको मुद्दामा प्रतिरक्षा गर्न आफ्नै अदालतसमक्ष राजा उपस्थित हुन नसक्ने भएकाले उनलाई प्रतिनिधित्व गरेर न्यायाधिवक्ता उपस्थित हुने परम्परा सर्वप्रथम बेलायतबाट सुरु भएको हो ।[५६] तत्कालीन बहालवाला महान्यायाधिवक्ता बद्रीबहादुर कार्कीविरुद्ध अख्तियार दुरुपयोय अनुसन्धान आयोगसमेतको[५७] मुद्दामा महान्यायाधिवक्ताले सदाशयतापूर्वक आफ्नो विवेक प्रयोग गर्न महान्यायाधिवक्तालाई व्यावसायिक उन्मुक्ति दिइए पनि अन्य संवैधानिक आयोगलाई दिइएको अधिकारसँग महान्यायाधिवक्ता पनि जोडिन्छन् भने सोको अभ्यास गर्न अन्य निकाय स्वतन्त्र हुन्छन् भनी व्याख्या भएको छ। जसरी भ्रष्टाचारसम्बन्धी मुद्दाको अख्तियारले अनुसन्धान गर्छ त्यस्तै मानव अधिकार उल्लङ्घनको अनुसन्धान मानव अधिकार आयोगले गर्छ र आयोगले संविधानको धारा २४९ (२) (ग) बमोजिम अदालतमा मुद्दा दायर गर्न नेपाल सरकारलाई सिफारिस गर्न सक्छ । यसरी सिफारिस भइआएमा सोबमोजिम महान्यायाधिवक्ताको कार्यालयले अभियोजन गर्नु संवैधानिक व्यवस्था हो।[५८] यस्तो स्पष्ट व्यवस्थाको पनि अनदेखा गरी ऐन संशोधन गर्ने प्रयास हुँदैछ।

**– संशोधनका लागि प्रस्तावित विधेयकको व्यवस्था**

वास्तवमा संशोधन प्रस्ताव संवैधानिक प्रावधानको विपरीत छ। प्रस्तुत विधेयकको सन्दर्भमा

५४. तेजमान श्रेष्ठ, 'मानव अधिकार आयोगको संवैधानिक कार्यादेशमा सङ्कुचन', प्राची अङ्क ९७, साउन २०७६ (पृष्ठ १५ देखि २४) पृ. १६ ।

५५. तेजमान श्रेष्ठ। 'महान्यायाधिवक्ता तथा राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेशबीच द्वन्द्व कि छद्म विधायन ?' *प्राची सचेतना द्वैमासिक*। मदन पौडेल (स.), पूर्णाङ्क ९८, २०७६ मङ्सिर, पृष्ठ ३४, २९—३५

५६. डा. गोपीचन्द्र भट्टराई। महान्यायाधिवक्तासम्बन्धी व्यवस्थाको अध्ययन, संवैधानिक कानुन स्रोत सामग्री १४३।

५७. नेपाल अधिराज्यको महान्यायाधिवक्ता पदमा कार्यरत बद्रीबहादुर कार्की विरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, बबरमहल काठमाडौँसमेत। विशेष इजलास, सम्माननीय प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय, माननीय न्यायाधीश लक्ष्मणप्रसाद अर्याल, माननीय न्यायाधीश केदारनाथ उपाध्याय, माननीय न्यायाधीश कृष्णजङ्ग रायमाझी, माननीय न्यायाधीश गोविन्दबहादुर श्रेष्ठ, संवत् २०५७ सालको रिट नम्बर ३५३०, विषय : उत्प्रेषण मिश्रित प्रतिषेधसमेत आदेश मिति : २०५८।२।१८।५ ।

५८. तेजमान श्रेष्ठ। महान्यायाधिवक्ता तथा राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेशबीच द्वन्द्व कि छद्म विधायन ?' *प्राची सचेतना द्वैमासिक*। मदन पौडेल (स.), पूर्णाङ्क ९८, २०७६ मार्ग, पृष्ठ ३४, २९—३५

सबै क्षेत्रबाट चासो देखाइएको छ। मानव अधिकारको क्षेत्रमा क्रियाशील इन्सेकले सरकारको ध्यानाकर्षण यसरी गराएको छ :

*विद्यमान कानुनले मानव अधिकार आयोगलाई दिएको सबैभन्दा ठूलो अधिकार मानव अधिकार उल्लङ्घन मुद्दा चलाउन सरकारलाई निर्देशन दिनु हो । मुद्दा चलाउने विषय महान्यायाधिवक्ताको इच्छाको विषय बनाइयो भने आयोगको क्षेत्राधिकारका साथै स्वायत्ततामाथि प्रश्न आउन सक्छ। स्वायत्त र स्वतन्त्र मानव अधिकार आयोगको उपस्थितिले मात्रै लोकतन्त्रलाई मजबुत बनाउन मद्दत पुग्छ । लोकतन्त्रमाथि कुनै खतरा आउने परिस्थितिमा जनताको मानव अधिकारको मात्रै होइन, राजनीतिक दलहरूको सुरक्षाका लागि पनि स्वायत्त तथा बलियो मानव अधिकार आयोग जरुरी हुन्छ।*[५९]

स्वायत्त, स्वतन्त्र, निर्भीक र सक्षम राष्ट्रिय मानव अधिकार आयोगको उपस्थितिले मात्रै संवैधानिक लोकतन्त्रलाई मजबुत बनाउन सक्छ। लोकतन्त्रमाथि कुनै खतरा आउने परिस्थितिमा नागरिकको मानव अधिकारको मात्रै होइन, अहिले यो संशोधन प्रस्ताव गर्ने राजनीतिक दलहरूको समेत सुरक्षाका लागि पनि स्वायत्त तथा बलियो मानव अधिकार आयोगको जरुरी पनि इन्सेकको यो अवलोकनले पनि प्रस्ट पार्छ।

यस संशोधन विधेयकमा केही राम्रा तथा केही संवेदनशील विषयहरू प्रस्ताव गरिएका छन्। साविक ऐनको दफा १२ को उपदफा (१) मा थप गरिएको छ, जो यसप्रकार छ– छानबिन वा अनुसन्धान गर्दा अनुसन्धान टोली वा अधिकृतले आवश्यक सम्झेमा प्रमाण बुझ्न सक्नेछ। यस व्यवस्थामा खासै समस्या देखिँदैन। त्यस्तै ऐनको साविक दफा १३ मा थप गरिएको विषय उजुरी खारेज गर्ने वा तामेलीमा राख्ने निर्णय गर्नुपूर्व रायसहितको प्रतिवेदन पेस गर्न आयोगले कुनै सदस्यलाई तोक्न सक्नेछ भन्ने छ। यसमा पनि समस्या देखिँदैन किनभने यो कारबाही प्रक्रिया अहिले पनि आयोगले अवलम्बन गरिरहेकै छ।

त्यस्तै दफा १६ को (३) पछि थप गरिएको विषयमा पनि कुनै समस्या छैन। यसमा भनिएको छ– आयोगले उपदफा (३) बमोजिम निर्धारण गरेको क्षतिपूर्तिका अतिरिक्त पीडित व्यक्तिलाई पुनः उद्धार वा पुनर्स्थापना गर्न वा पीडित वा पीडितको परिवारलाई मापदण्ड बनाई आवश्यकताअनुसार (क) निःशुल्क शिक्षा वा स्वाथ्य उपचार, (ख) सिपमूलक तालिम, (ग) मनोसामाजिक विमर्शमध्ये कुनै एक वा सोभन्दा बढी सुविधा उपलब्ध गराउनका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ भन्ने छ। पीडितको पक्षमा भएको यो व्यवस्था उचित छ।

दफा १७ मा मुद्दा चलाउन आवश्यक भए महान्यायाधिवक्तासमक्ष सिफारिस गर्ने, महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने निणर्य गर्ने, आयोगलाई थप प्रमाणका लागि अनुरोध गर्ने र आयोगले थप प्रमाण उपलब्ध गराउनुपर्ने भन्ने व्यवस्था छ। हाल साविकको व्यवस्थाअनुसार आयोगबाट मुद्दा चलाउने सम्बन्धमा भएको सिफारिसउपर महान्यायाधिवक्ताले सम्बन्धित अदालतमा मुद्दा दायर गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ।[६०] विधेयकमा यो विद्यमान व्यवस्था झिकी संशोधन गर्नुपर्ने भनी निम्नबमोजिमको १७ (क) को व्यवस्था प्रस्ताव गरेको छ। जसअनुसार आयोगले गरेको छानबिन तथा अनुसन्धानबाट कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा चलाउनुपर्ने देखेमा सम्बन्धित घटनाको अनुसन्धान प्रतिवेदन र मुद्दा चलाउनका लागि आवश्यक पर्ने पर्याप्त प्रमाणसहित महान्यायाधिवक्तासमक्ष सिफारिस गर्नुपर्नेछ।[६१] यसरी आयोगको सिफारिस प्राप्त भएपछि महान्यायाधिवक्ताले सो अनुसन्धान प्रतिवेदनसहितको प्राप्त प्रमाण अध्ययन गरी मुद्दा चलाउनुपर्ने देखिएमा मुद्दा चलाउने निर्णय गर्नेछ।[६२] अर्थात् उसले मुद्दा चलाउने/नचलाउने भनी अन्तिम निर्णाण गर्नेछ। महान्यायाधिवक्ताले त्यसरी मुद्दा चलाउने निर्णय गर्नुअघि थप अनुसन्धान वा प्रमाण सङ्कलन गर्न आवश्यक देखिएमा उसले आयोगलाई अनुरोध गर्न

---

५९. मानव अधिकार आयोग विधेयक सच्याऊ : इन्सेक, २०७६ वैशाख २६ http://inseconline.org/np/press/%e0%a5%a8%e0%a5%a6%e0%a5%ad%e0%a5%ac-%e0%a4%b5%e0%a5%88%e0%a4%b6%e0%a4%be%e0%a4%96-%e0%a5%a8%e0%a5%ab-%e0%a4%97%e0%a4%a4%e0%a5%87-%e0%a4%ae%e0%a4%be%e0%a4%a8%e0%a4%b5-%e0%a4%85%e0%a4%a7%e0%a4%bf/

६०. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा १७।

६१. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को संशोधन विधेयक दफा १७ (क) (२)।

६२. ऐ.ऐ. ऐन, दफा १७ (क) (२)।

सक्नेछ ।[६३] यसरी महान्यायाधिवक्ताबाट अनुरोध भइआएमा आयोगले थप अनुसन्धान वा प्रमाण सङ्कलन गरी पठाउनु पर्नेछ र यसरी गरिएको थप अनुसन्धान वा प्राप्त थप प्रमाण मुद्दा चलाउनका लागि पर्याप्त भएमा महान्यायाधिवक्ताले मुद्दा चलाउने निर्णय गर्नेछ।[६४] यो व्यवस्थाले थप प्रमाण जुटाउनचाहिँ आयोग बाध्यकारी हुने तर त्यसरी जुटाएको प्रमाण पनि पर्याप्त हो वा होइन भनी अन्तिम निर्णय गर्ने अधिकारचाहिँ महान्यायाधिवक्तालाई प्रदान गरिएको देखिन्छ जुन व्यवस्थाले आयोगको संवैधानिक कार्यादेशको प्रचलन हुन दिँदैन । अर्थात आयोग महान्यायाधिवक्ताको कार्यालयको एक एकाइ भन्दा फरक नहुने अवस्था सिर्जना हुन जान्छ।

फौजदारी कसुरको अनुसन्धान वा अभियोजन राज्यको स्वविवेकीय विशेषाधिकार हुनै सक्तैन भनी एक मुद्दाको रोहमा सर्वोच्च अदालतबाट फैसला भइसकेको छ।[६५] सो मुद्दामा थप कुरा, हरेक कसुरको अनुसन्धान गरी कानुनबमोजिम न्याय दिने/दिलाउने राज्यको आधारभूत कानुनी दायित्वसमेत हो भन्ने उल्लेख छ। तसर्थ गम्भीर मानव अधिकार उल्लङ्घनमा आयोगले अदालतमा मुद्दा दर्ता गर्न सिफारिस गरिसकेपछि यो वा त्यो बहानामा मुद्दा दर्ता नगर्न मिल्ने होइन।[६६] यदि यो विधेयक पारित भएमा आयोग महान्यायाधिवक्ता कार्यालयको एउटा एकाइ जस्तो हुनेछ जो संवैधानिक प्रावधानको वर्खिलाप हुनेछ।

पछिल्लोपटक प्रतिनिधि सभाको कानुन न्याय तथा मानव अधिकार समितिको बैठकमा समितिका सदस्यहरूले मानव अधिकार आयोग कुनै सरकारी निकाय नभएकाले यसको अधिकार र स्वतन्त्रता हनन् हुने काम कसैले गर्न नहुने उनले बताए पनि सरकारले गर्न लागेको ऐन संशोधनले आयोगको अधिकार सङ्कुचन गर्नेछ।[६७] यसर्थ अझै पनि यो विधेयक पारित गर्दा संसद्ले विवेक प्रयोग गर्नेछ भनी आशा गर्न सकिन्छ।

**– विशेष सेवा गठन**

नेपाल विशेष सेवाको गठन, सञ्चालनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संसद्मा पेश भएको छ। संविधानले मौलिक हकका रूपमा गोपनीयताको हकलाई संरक्षित गरे पनि सोको प्रतिकूल हुने गरी नागरिकका अधिकार कुण्ठित गर्ने गरी थुप्रै प्रावधान यस विधेयकमा प्रस्ताव गरिएको छ । संसद्मा विचाराधीन उक्त विधेयकमा नागरिकका गोपनीयता हनन हुने गरी कल रेकर्ड गर्न पाइने व्यवस्था पनि छ।[६८] विधेयकमा राष्ट्रिय अनुसन्धान विभागले कसैको अनुमतिबिना नै जोसुकै व्यक्तिको फोन गोप्यरूपमा सुन्न र रेकर्ड गर्न सक्ने प्रावधान राखिएको छ।

उक्त विधेयक पारित भएमा सरकारी अधिकारीले निगरानीमा राख्न चाहेका जोसुकै व्यक्तिको फोन सुन्न, रेकर्ड गर्न र इमेल पढ्न सक्नेछन् किनकि विधेयकको दफा १० भन्छ– संदिग्ध वा निगरानीमा रहेका व्यक्ति, सङ्घ/संस्थाबाट सार्वजनिक सञ्चारमाध्यम वा अन्य माध्यमबाट भएको कुराकानी श्रव्य, दृश्य वा विद्युतीय सङ्केत वा विवरणलाई निगरानी र अनुगमन र इन्टरसेप्सन गर्न र अभिलेख गर्न सक्नेछ।[६९] स्पष्टीकरणमा भनिएको छ– इन्टरसेप्सन भन्नाले सञ्चार सञ्जाललाई अनुगमन र निगरानी गरी आवश्यकताअनुसार विषयवस्तु प्राप्त गर्ने कार्य सम्झनुपर्छ। यो व्यवस्थाअनुसार सञ्चार सञ्जाल अर्थात् टेलिफोन, इमेल, सामाजिक सञ्जालमा भएका संवादका विषयवस्तु गुप्तचरहरूले प्राप्त गर्न पाउनेछन् । यसरी संविधानले मौलिक हकका रूपमा प्रत्याभूत गरेको गोपनीयताको हकमाथि समेत सरकार अतिक्रमण गर्न खोज्दैछ । राज्यमा कुनैखाले खतरा भए त्यसको

६३. ऐ.ऐ. ऐन, दफा १७ (क) (३)।

६४. ऐ.ऐ. ऐन, दफा १७ (क) (४)।

६५. अधिवक्ता माधवकुमार बस्नेतसमेत विरूद्ध सम्माननीय अध्यक्ष, नेपाल सरकार, अन्तरिम चुनावी मन्त्रिपरिषद्, प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौँसमेत मुद्दा नं. मा ०६९ -WS- ००५७, विषय : परमादेशसमेत।

६६. तेजमान श्रेष्ठ, प्राची २०७६

६७. सरकारले मानव अधिकार आयोगका अधिकार सङ्कुचन गर्न हुन्न : खाँण, माघ १२, २०७६ कान्तिपुर https://ekantipur.com/news/2020/01/26/15800286418087252.html

६८. दफा ८

६९. नवराज मैनाली। गुप्तचरले जोसुकैको फोन रेकर्ड गर्न र इमेल, एसएमएस पढ्न सक्ने अर्को कानुन संसद्मा नयाँ पत्रिका। २०७६ पुस २२। https://www.nayapatrikadaily.com/news-details/33056/2020-01-07

अनुसन्धानका लागि सबैले सघाउनुपर्छ तर यस्तो सूचनाको निगरानी सरकारले आफ्ना विपक्षीविरुद्ध लक्षित गर्ने भनी संसारभर आलोचित छ।

**– नेपाली सेनाभित्र प्रतिजासुसी संयन्त्र**

नेपाल सरकारले सैन्य गुप्तचर बनाउने प्रयास गरेको छ।[७०] तत्कालीन उपप्रधान तथा कानुन मन्त्री उपेन्द्र यादवले उक्त विधेयक फिर्ता गरिदिएको दावी गरेका छन्। रक्षा मन्त्रालयले सैन्य गुप्तचर विभाग गठन गर्नेसम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदा तयार पारी कानुन मन्त्रालयमा रायका लागि पठाएको थियो।[७१] यादवले सरकार गणतन्त्र र लोकतन्त्रबाट सर्वसत्तावादतर्फ अघि बढेको आरोप पनि लगाए। एउटा ऐन (राष्ट्रिय सुरक्षा परिषद् विधेयक) मा प्रधान मन्त्रीले सिधै सेना परिचालन गर्न सक्ने गरी ल्याइएको छ। यो ऐनले गुप्तचरी गर्ने भइहाल्यो। प्रेस ऐन र विशेष सेवा ऐन गरी यी चार ऐनलाई एक ठाउँमा राख्दा मुलुक त कहाँ पो जाने रहेछ । तत्कालीन कानुन मन्त्रीसमेत तर्सने गरी प्रस्ताव गरिएको विधेयकले नागरिकका संविधानप्रदत्त जीवनको हक, गोपनीयताको हकलाई समेत चुनौती दिन्छ।

कानुन मन्त्रालयबाट सुझावसहित फिर्ता पठाइएको मस्यौदा अहिले रक्षा मन्त्रालयमा विचाराधीन छ। साविकको सैनिक गुप्तचर विभागलाई किन पुनर्संरचना गर्न लागिएको हो भन्नेबारे रक्षाका अधिकारीले स्पष्ट गर्न चाहेका छैनन्।[७२] सैनिक गुप्तचर विभागलाई थप अधिकार सम्पन्न बनाइएमा त्यसले सेनालाई शक्तिशाली बनाउने र नागरिक स्वतन्त्रतामाथि पनि सैनिक हाबी हुन सक्नेछ।[७३] नागरिक स्वतन्त्रतालाई सङ्कुचन गर्ने गरी प्रस्ताव गरिएको यो विधेयकले पनि संसद् नागरिकको प्रतिनिधिहरूको संस्था भन्दा पनि कार्यकारीको सहयोगी जस्तो बढी देखियो । कामको सिलासिला भन्दै विभागका कर्मचारी जोकसैको घरमा जान सक्ने, जोसुकैलाई नियन्त्रणमा लिन सक्ने र प्रतिरक्षाको नाउँमा उसको ज्यानै लिनेसम्मको प्रावधान यस विधेयकमा गरिनुले नागरिक अधिकार केवल आलङ्कारिक बन्दै जाने खतरा बढेको छ।

**प्रदेश सभाको भूमिका**

यो समीक्षा अवधि अर्थात सन् २०१९ मा पनि प्रदेश सभाले आफूलाई आवश्यक पर्ने सबै कानुन निर्माण गर्न सकेको छैन। अघिल्लो समीक्षा अवधिमा पनि यस्तै प्रकारले समीक्षा गरिएकामा[७४] यस अवधिमा पनि सोही प्रकारले समीक्षा गर्नुपर्ने अवस्था रहनु विडम्बनापूर्ण नै हो। संविधानको धारा ७ को उपधारा २ अनुसार प्रदेशको सरकारी कामकाजको थप भाषा निर्धारण गर्नेसम्बन्धी कानुन बनाउनुपर्ने प्रावधान छ तर पनि यसतर्फ प्रदेशमा पहल भएको छैन।

आफ्नो प्रदेशको नाम र राजधानी तोक्न आफैँले पाउने विशेष अधिकार पनि सबै प्रदेशले प्रयोग गर्न सकेका छैनन् । यस वर्ष प्रदेश नं. ३ ले आफ्नो नाम वाग्मती प्रदेश नामकरण गऱ्यो[७५] तर यो निर्धारण गर्न प्रदेश सभा सदस्यको भूमिका रबर स्ट्याम्प भन्दा बढी रहेन (हेर्नुहोस् माथि ह्विप शीर्षक)। संविधानको धारा ६० को उपधारा (५) बमोजिम प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेसम्बन्धी कानुन बनाउनुपर्ने उल्लेख छ। त्यसैगरी, धारा १४८ को उपधारा (२) बमोजिम स्थानीय स्तरका न्यायिक निकायसम्बन्धी प्रदेश कानुन पनि प्रदेशले नै बनाउनुपर्छ। सङ्घीयताको महत्वपूर्ण पक्ष भनेको स्रोत/साधनको उपयोगमा तह तहका सरकारको सहभागिता हो तर सङ्घीय सरकारको मात्र बढी भूमिका रहनु सङ्घीयता कार्यान्वयनलका लागि सुखद होइन ।

७०. जगदीश्वर पाण्डे। छुट्टै सैन्य गुप्तचर बनाउने प्रयास, कान्तिपुर, पुस २३, २०७६ https://ekantipur.com/news/2020/01/08/157844829907799391.html

७१. Ibid

७२. Ibib

७३. पुस २३, २०७६ जगदीश्वर पाण्डे, कान्तिपुर https://ekantipur.com/news/2020/01/08/157844829907799391.html

७४. गणेश भण्डारी। व्यवस्थापिका। नेपाल मानव अधिकार वर्ष पुस्तक, २०१९। इन्सेक, काठमाडौँ।

७५. CPN to issue whip to enforce party decision on name and capital of Province 3. 2020 Jan. 9. https://en.setopati.com/political/152124

संविधानको धारा १६२ को उपधारा (५) बमोजिम र धारा १६६ को उपधारा ३ बमोजिम प्रदेश सरकार र प्रदेश प्रमुखको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरणसम्बन्धी प्रदेश कानुन बनाउने अधिकार पनि प्रदेशमै छ । तर पनि सङ्घले प्रदेशलाई यी अधिकार प्रयोग गर्न भने धेरै हदसम्म अङ्कुश लगाइरहेको छ। पछिल्लो पटक प्रदेश नं. २ को सागरनाथ वन विकास परियोजनालाई प्रदेश सरकारबाट सङ्घमा ल्याउन गरिएको निर्णय भने सर्वोच्च अदालतबाट उल्टाइदिए[७६]पछि भने सङ्घीयताको मर्मअनुसार प्रदेश सरकार चल्न पाउलान् कि भनी थोरै भए पनि अनुमान गर्न सकिन्छ।

**निष्कर्ष**

व्यवस्थापिका जनताद्वारा निर्वाचित जनप्रतिनिधिमूलक संस्था हो । जसले जनताका लागि कानुन बनाउने, कार्यपालिकामाथि नियन्त्रण गर्ने, परराष्ट्र नीति निर्धारण गर्ने, न्यायपालिकालाई जिम्मेवार तुल्याउने कार्य गर्छ। कानुन निर्माण गर्ने मुख्य भूमिका रहेको यस संस्थामा नागरिकको प्रत्यक्ष नभए पनि अप्रत्यक्ष सहभागिता हुन्छ। यदि नागरिक सहभागितालाई वृद्धि गर्ने हो भने त्यसमा प्रत्यक्ष सहभागितासमेत हुने गर्छ। तर नेपालको व्यवस्थापिकाले यो वर्ष संवैधानिक दायित्व प्रभावकारी ढङ्गले निर्वाह गर्न सकेन।

यस अवधिमा संसद्को तेस्रो र चोथो गरी दुई वटा अधिवेशन सञ्चालन भयो। पाँचौं अधिवेशनमा यो प्रतिवेदन अवधिभन्दा अघिदेखि रहेका गरी ५० भन्दा बढी विधेयक दर्ता भए पनि लामो समयसम्म सभामुखको विषयमा टुङ्गो नलागेका कारण संसद्को बैठक पटक पटक सर्न पुग्यो। चौथो अधिवेशन २०७६ साल वैशाख १६ मा प्रारम्भ भई २०७६ साल असोज २ गते अन्त्य भयो । यस अधिवेशनमा दुवै सभाबाट विनियोजन विधेयकलगायत विभिन्न आठ वटा विधेयक पारित भए । प्रतिनिधि सभाअन्तर्गत विभिन्न चरणमा रहेका २७ विधेयकमध्ये १० समितिमा विचाराधीन छन्। विधेयक अधिवेशन भनिने हिउँदे अधिवेशन सभामुखको अभावमा कार्यसूचीमै प्रवेश गर्न नसकेका कारण अत्यावश्यक कानुनहरूसमेत निर्माण हुन सकेनन् भने लामो समयदेखि संसद्मा विचाराधीन तीन तहका सरकारबीच समन्वय गर्ने विधेयकले समेत अन्तिम रूप प्राप्त गर्न सकेन । त्यसैगरी संविधानको धारा ४२ ले प्रत्याभूत गरेको सामाजिक न्यायसम्बन्धी हकलाई प्रचलनमा ल्याउनका लागि आवश्यक पर्ने कानुन यस वर्ष पनि बन्न सकेन।

प्रतिवदेन अवधिमा संसद्मा दर्ता भएको कैदी/बन्दीको प्रजनन स्वास्थ्य अधिकार विधेयक भन्दा बाहेकका मुख्य मुख्य विधयेक विवाद मुक्त हुन सकेनन् । यी विधयेकका व्यवस्था संविधानप्रदत्त मौलिक हक तथा सभ्य समाजमा स्वीकार्य नागरिक स्वतन्त्रता विरोधी छन् । गुठीसम्बन्धी विधेयकले त आदिवासी जनजाति समुदायको सांस्कृतिक अधिकार कुण्ठित गर्ने भनी काठमाडौँका नेवार समुदायको विरोधपछि सरकार उक्त विधेयक फिर्ता लिन बाध्य भयो। त्यस्तै सूचना प्रविधि विधेयक, विशेष सेवा गठन विधयेक, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक वास्तवमै लोकतन्त्र विरोधी छन् । सूचना प्रविधि विधेयकमा संसद्को वास्तविक कार्यशाला रहेको समितिमा समेत संसद्भित्रको अङ्कगणित हिसावले पास भयो। तसर्थ, समग्रमा यो वर्ष जनप्रतिनिधिमूलक संस्था अलमलमै रह्यो।

**सुझाव**

१. संसद्मा दर्ता भएका विधेयकउपर नागरिकको निरन्तर चासो रहनुपर्छ। व्यवस्थापिकालाई अझ बढी जनउत्तरदायी बनाउन संसदीय समितिहरूलाई थप सक्रिय तुल्याउन जरुरी छ।
२. विधायन निर्माण र अन्य समयमा प्रतिनिधि सभा तथा राष्ट्रिय सभा र समितिहरूले गरेका खर्च सर्वसाधारणको पहुँचमा पुग्न जरुरी छ।
३. प्रतिनिधि सभाका सभामुख र उपसभामुखलाई प्राप्त संवैधानिक दायित्व निष्पक्ष भएर सम्पादन गरिनुपर्छ।
४. सभा तथा समितिहरू कार्यपालिका तथा राजनीतिक दलको प्रभाव र दबाबबाट मुक्त भएर कार्य गर्न सक्नुपर्छ।
५. विज्ञहरूसँगको परामर्शलाई अझ व्यापक बनाइनुपर्छ।

७६. Ram Kumar Kamat. SC stays centre's decision to bring Province 2 forest under its domain The Himalayan Time. https://thehimalayantimes.com/nepal/sc-stays-centres-decision-to-bring-province-2-forest-under-its-domain/